मिती:२०७९/०९/०७ का.पा. बैठक नं.१३-०७९/८०

प्रस्तावहरुः

१. वडा नं.५ को भवन निर्माण सम्वन्धमा ।
२. मर्मत सम्भार कोष स्थापना सम्बन्धमा ।
३. प्रेस सल्लाहकार एंव प्रवक्ताको जिम्मेवारी सम्बन्धमा ।
४. रोजगार संयोजकको पदपूर्ती समिती गठन सम्बन्धमा ।
५. घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी
६. विभिन्न आर्थिक सहायता मेला संचालन संचालन
७. कार्यविधी तथा कार्ययोजना स्वीकृत सम्वन्धमा
८. Enssure परियोजनाको पलम्बिङ तालिम सम्बन्धमा
९. विविध

निर्णयहरुः

१. वडा नं.५ को भवन निर्माण सम्वन्धमा ।
यस गाँउपालिका स्थित वडा नं ५ को वडा कार्यालयको भवन जिर्ण रहेको हुँदा दिर्घकालीन रुपमा समस्या समाधान गर्ने उद्देश्यले उक्त भवन भत्काई नँया वडाँ कार्यालय भवन निर्माणको लागि योजनाको डिपिआर/लागत अनुमान तयार गरी निर्माणको लागि टेन्डर प्रकृया अगाडी वढाउने। उक्त योजनाको वजेट व्यवस्थापन सन्दर्भमा चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च शिर्षक नं ३११११२ मा ५ नं वडा कार्यालय माथि ट्रस निर्माणको लागि विनियोजित रकम रु १५ लाखलाई जि.स.स बाट प्राप्त रकमसँग म्याचिङ गरि संचालन गर्ने अन्य अपुग रकम आगामी हिउदे गाँउसभाबाट व्यवस्थापन गर्ने।

२. मर्मत सम्भार कोष स्थापना तथा संचालन सम्बन्धमा ।
यस गाउँपालिकाबाट संचालित योजनाहरुमा कन्टिजेन्सी बापत ३ प्रतिशत रकम कट्टि गर्ने तथा उक्त रकम सम्वन्धित खर्च शिर्षकमै बाँकी रहने देखिएकोमा अव उप्रान्त उक्त रकमलाई मर्मत संभार कोष खडा गरि रकम जम्मा गर्ने व्यवस्था मिलाउने। उक्त कोषको रकम खर्च सम्बन्धी व्यवस्था गर्न कार्यविधी निर्माण गर्ने तथा कार्यविधी निर्माण नहुदाँसम्म कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने व्यवस्था मिलाउने ।

३. प्रेस सल्लाहकार एंव प्रवक्ताको जिम्मेवारी सम्बन्धमा ।
उज्यालो सन्देश डट कमका रिपोटर श्री विवेक विश्वकर्माले विगत ८ महिना देखि भोलेन्टियरको रुपमा यस गाँउपालिकासँग सम्वन्धित सूचना सम्प्रेषण सम्बन्धी कामकाज गर्दै आएको तथा हालसम्म निजले भोलेन्टियरको रुपमा गरेको कामकाज सन्तोषजनक रहेकाले निजलाई मासिक रु १५ हजार र ३० लिटर ईन्धन सुविधा प्रदान गर्ने गरि प्रेस सल्लाहकारका रुपमा जिम्मेवारी दिने ।साथै यस गाँउपालिकाकाको प्रवक्ताको जिम्मेवारी यसै गाँउपालिका स्थित ५ नं. वडाका वडा अध्यक्ष श्री मदन प्रसाद पोखरेललाई तोक्ने ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

मिती:२०७९/०९/०७ का.पा. बैठक सं.९-०७९/८०

४. रोजगार संयोजकको पदपूर्ती समिती गठन सम्बन्धमा

यस गाँउपालिकाको कार्यालयमा दरवन्दी रिक्त रहेकोले उक्त पदको पदपूर्ति गर्ने प्रकृया अगाडी वढाउने प्रयोजनार्थ रोजगार संयोजकको पदपूर्ति तथा सेवा सम्वन्धी मापदण्ड, २०७६ को दफा ६ वमोजिम देहाय अनुसारको पदपूर्ति समिति गठन गर्ने ।

तारा भट्टराई, सेवा निवृत्त सहसचिव लोकसेवा आयोग- संयोजक
दुर्गा पौडेल, प्र.प.अ.,सरावल गाँउपालिका - सदस्य
सागर गौतम, प्र.प.अ ओमसतिया गा.पा – सदस्य सचिव

५. घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी

यस गाँउपालिका स्थित वडा नं ५ वस्ने अशिश कुमार रायले श्री समयमाता कन्सट्रक्सन ओमसतिया-५ दर्ताको लागि आवश्यक कागतपत्र सहित पेश गरेकोमा उक्त निर्माण कम्पनीलाई यस गाँउपालिकामा दर्ता गरी घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउने।

६. विभिन्न आर्थिक सहायता मेला संचालन संचालन

- श्री रामजानकी मन्दिर रंगशाला, सभाहल व्यवस्थापन तथा संरक्षण समिति ओमसतिया-६ नरैनापुर यसै वर्ष माघ १ गतेदेखि चौथो ओमसतिया कला संस्कृति महोत्सवको आयोजना गर्नको लागि पेश गरेको प्रस्तावनामा वडा कार्यालयको सिलिङवाट प्रदान गरिने रकमका अतिरिक्त रु ५ लाख रकम यस गाँउपालिकाको खर्च शिर्षक धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षक नं २५३१४ वाट व्यवस्था गर्ने गरी संचालनको लागि स्वीकृत गर्ने उक्त शिर्षकमा अपुग हुने रकम आगामी गाँउसभावाट व्यवस्थापन गर्ने।
- सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजनामा हुने लुम्विनी राष्ट्रिय महोत्सव-२०७९ संचालनको लागि यस गाँउपालिकाको तर्फवाट रु ५० हजार आर्थिक सहायता उपलब्ध गराउने।
- लुम्विनी प्रेस क्लव भैरहवाको च.नं १४८ मिति २०७९/८/२७ को पत्रवाट माग भएवमोजिम प्रेश क्लवका सदस्य पत्रकारहरुको लागि २५ सेट ट्र्याकसुट उपलब्ध गराउने।
- ईलाका प्रहरी कार्यालय ओमसतियाले आफ्नो कार्यालयका विभिन्न संरचनाहरुको मर्मत तथा निर्माण गराई आर्थिक सहयोगको लागि अनुरोध गरेकोमा उक्त कार्यको लागि रु २५ हजार उपलब्ध गराउने।

७. कार्यविधी तथा कार्ययोजना स्वीकृत सम्वन्धमा ।

यस गाँउपालिकासँग सम्वन्धित देहाय अनुसारका कार्यविधी तथा कार्ययोजनाहरु स्वीकृत गर्ने

- ओमसतिया गाउँपालिकाको राजश्व सुधार कार्ययोजना
- स्वास्थ्य संकट तथा विपद प्रतिकार्य योजना, २०७९
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण रणनीतिक योजना (आ.व २०७९/८०-२०८३/८४)

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

मिती:२०७९/०४/०७ का.पा. बैठक सं.९-०७९/८०

८. Enssure परियोजनाको पलम्विङ तालिम सम्बन्धमा ।

CTEVT अन्तर्गत Enssure परियोजनाको आ.ब. २०७८/७९ कार्यक्रम अनुसार पलम्विङ तालिम संचालन गर्न क्रिस्टिना एण्ड ईन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि वुटवलसँग संझौता भएको । उक्त परियोजनाको मिति २०७९/४/४ को परिपत्र अनुसार तालिम प्रदायक संस्थाहरुको योग्यताको सम्वन्धमा थप कुराहरु निर्देशन भई आएको । गत आ.व.मै सम्झौता गरी कार्यान्वयनमा रहेको उक्त कार्यक्रम कार्यान्वयनमा द्विविधा उत्पन्न भएकोमा सो सम्वन्धमा CTEVT सँग सम्झौता कार्यान्वयन अगाडी बढाउने वा रद्द गरी अर्को सूचना प्रकाशन गर्ने सम्बन्धमा राय परामर्श गर्दा सुझाव प्राप्त भएको तथा उक्त क्रिस्टिना एण्ड ईन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि ले Level-2 को affiliation यस कार्यालयमा बुझाउन नसकेकोले निजले लिएको पेश्की रकम धरौटी रकमबाट सदरस्याहा/मिलान गरि समझदारीमा सम्झौता रद्द गर्ने र उक्त कार्यक्रम संचालनका लागि अर्को सूचना प्रकाशन गर्ने ।

९. विविध

क) यस गाँउपालिकाको कार्यालयले विगतमा गाँउपालिका तथा वडा कार्यालयमा ईलेक्ट्रिसियन श्री चन्द्र बहादुर पुन मगरलाई सम्झौता गरी कामकाज गर्न लगाएकोमा यस गाँउपालिका स्थित मुख्य हाईवेहरुमा रहेका सडक वत्तीहरुको नियमित रेखदेखँ र मर्मत सम्भारको समेत जिम्मेवारी दिने र निजलाई खाईपाई आएको सुविधा समेत बृद्धि गरी मासिक रु १५ हजार उपलब्ध गराउने।

ख) यस गाउँपालिकामा सूचना प्रविधि अधिकृत छैठौं तहको दरवन्दी रिक्त रहेकोले अन्य कुनै स्थानीय तहबाट करार सेवा निरन्तर हुने गरि सहमती भई आएमा यस गाउँपालिकामा उक्त कर्मचारीलाई सेवा करार निरन्तर हुने गरि हाजिर गराउने ।

ग) यस गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक तथा ८ नम्वरी जग्गाहरु केही व्यक्तिहरुले अतिक्रमण गरि संरचना समेत निर्माण गरेको पाइएकोले उक्त जग्गाहरुमा बनेका संरचनाहरु हटाउनको लागि सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गर्ने ।

०७९।४।७

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष